स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री अदिती बुढाथोकी नेपाली फिल्मसँगै बलिउडमा पनि आफूलाई स्थापित गर्न संघर्षरत छिन् । उनको सपना अब बलिउड फिल्ममा प्रवेश गर्ने हो । त्यसका लागि उनले म्यूजिक भिडियो र वेब सिरिजबाट आफूलाई चिनाउने र निखार्ने काम गरिरहेकी छन् । अहिले उनी हिन्दी वेब सिरिज 'म्यूजिक'को सुटिङमा व्यस्त छिन् । उनी अभिनीत नयाँ हिन्दी गीत 'कृष्ण तेरी हो गई' सार्वजनिक भएको छ । जसमा उनी भगवान् कृष्णको भक्तको रुपमा प्रस्तुत छिन् । भिडियोको अन्तिममा भने राधाको रुपमा उनलाई चित्रण गरिएको छ ।

**आजको विचार...**



थाकेको...

(दुई पेजमा)

रामबहादुर गरंजा (एसकुमार



चर्चित लोकगायक पशुपति शर्माले जनतालाई जागरुक हुन गीतमार्फत आग्रह गरेका छन् । उनले आफ्नै शब्द, संगीत र स्वर रहेको 'तिम्रा नेता बिग्रिए जाग जनता' बोलको गीतमार्फत नेताहरुलाई खबरदारी गर्दै जनतालाई जागरुक हुन आग्रह गरेका हुन् । मंगलवार सार्वजनिक यो गीतमा आफूले भोट हालेर जिताएका नेता बिग्रिए देश नै बिग्रिने बताउँदै जनतालाई जागरुक हुन आग्रह गरिएको छ । अहिले जनता बाठा भएको बताउँदै झुक्याउने दिन गएको उनले गीतमा बताएका छन् ।

❒ वर्ष २८ ❒ अंक ३१६ ❒ २०८० जेठ ३१ गते बुधबार 14 June 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आज विश्व रक्तदाता दिवस मनाइदैं

**पाल्पा,** जेठ ३०/आज विश्व रक्तदाता दिवस मनाइदैं छ । रक्तदान सम्बन्धी विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ । रक्तदानको महत्वबारे जनचेतना फैलाउन र मानव जीवन बचाउने रक्तदाताहरुको योगदानप्रति कृतज्ञता व्यक्त गर्न हरेक बर्ष जून १४ का दिन यो दिवस मनाउन थालिएको हो । मानव रगत समूह (ब्लड ग्रुप) पत्ता लगाउने वैज्ञानिक कार्ल ल्याण्डस्टिनरको जन्मदिन १४ जुनको अवसरमा सन् २००४ देखि विश्व रक्तदाता दिवस मनाउन थालिएको हो । दिवसलाई नयाँ रक्तदाताका रुपमा युवाहरुलाई उत्प्रेरित गर्ने र नियमित रक्तदाताहरुलाई सम्मानगर्ने अवसरको रुपमा समेत लिने गरिएको छ । रगत शरिरमा रहेको रातो तरल पदार्थ हो । यो प्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको हुन्छ । यसले शरीरका कोषहरुमा ग्लुकोज, एमिनो एसिड लगायतका पोषक तत्वहरुसँगै अक्सिजन लगायतका आवश्यक पदार्थहरु पुर्याउने काम गर्दछ । यसले कार्वन डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता काम नलाग्ने तत्वहरुलाई बाहिर निश्कासन गर्न समेत सहयोग गर्दछ । मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ । मानिसको कुल वजनको ७ प्रतिशत रगत हुन्छ । रगतमा प्लाज्मा ५४ दशमलव ३ प्रतिशत, रातो रक्तकोष ४५ प्रतिशत र सेतो रक्तकोष ० दशमलव ७ प्रतिशत रहेको हुन्छ । मानिस जिवित रहनका लागि रगत नभइ नहुने पदार्थका रुपमा रहेको हुन्छ ।

# कानुन नहुँदा सञ्चालनमा आएनन् लुम्बिनीका विद्युतीय सवारी

**रासस**

**रुपन्देही,** जेठ ३०/गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट, रामग्राम र देवदह लगायतका क्षेत्रमा सञ्चालन गर्ने गरी ल्याइएका विद्युतीय बस सञ्चालनमा अन्योलता देखिएको छ । बुद्धसँग सम्बन्धित यी क्षेत्रमा पर्यटक आवतजावतलाई सहज बनाउन दातृ निकायको अनुदानमा विद्युतीय सवारी ल्याइएको थियो ।



लुम्बिनी प्रदेश सरकारले गत वैशाख ८ गते लुम्बिनी विकास कोषलाई प्राप्त पाँच विद्युतीय बस र १४ भ्यानलाई सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा रुपान्तरण गरी सेवा प्रदान स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो । तर यातायात व्यवस्था कार्यालय लुम्बिनीले संघ र प्रदेशमा यस सम्बन्धी कानुन नभएको बताउँदै सवारीसाधन दर्ता नै रोकेको छ । प्रदेश सरकारको निर्णयअनुसार प्रक्रिया पूरा गरी दर्ता प्रक्रियामा गए पनि यातायात कार्यालयबाट काम हुन नसकेको लुम्बिनी विकास कोषको भनाइ छ ।

मन्त्रिपरिषदले निर्णय गरेपनि ऐन र कार्यविधि नहुँदा सञ्चालन गर्न समस्या भएको यातायात व्यवस्था कार्यालय (सवारी) लुम्बिनीका प्रमुख पुष्पराज पाण्डेको भनाइ छ । संघ र प्रदेशमा सरकारी सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा रुपान्तरण गर्ने सम्बन्धी ऐन र कार्यविधि नहुँदा प्रक्रिया अघि बढाउन नसकेकाले संघीय सरकारको रायका लागि पत्राचार गरेको पाण्डेले जानकारी दिए । "संघमा र प्रदेशमा यस सम्बन्धी कुनै कानुन छैन । यस्तो अवस्थामा कसरी प्रक्रिया अघि बढाउने ?", उनले प्रश्न गरे । हाल पत्रमार्फत प्रचलित ऐन, नियमावली, कार्यविधि, निर्देशिका, प्रदेश यातायात परिवहन नियमावलीमा समेत सो व्यवस्था नभएकोले उक्त सवारी सरकारी सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा रुपान्तरण गर्ने सम्बन्धमा आवश्यक स्पष्ट मार्गदर्शन मागिएको छ ।

यसको बोधार्थ उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय प्रदेशलाई पठाइएको छ । तर मन्त्रालयले भने यसबारे आधिकारिक जानकारी नभएको जनाएको छ । उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्थीले मन्त्रिपरिषद्ले निर्णय गरेपछि सम्बन्धित कार्यालयले निर्णय कार्यान्वयन गर्नुपर्ने बताए । "ऐन नभए पनि बाधा अड्काउ फुकाउने निर्णय सरकारले गरिसकेको छ । सरकारले नै निर्णय गरेर प्रक्रिया अघि बढाउन भनेपछि यातायात व्यवस्था कार्यालयले सोही अनुसार कामअघि बढाउनुपर्छ, सरकारको निर्णयलाई पालना गर्नु नै सम्बन्धित कार्यालयको जिम्मेवारी हो", उनले भने । कानुनी प्रक्रिया पुऱ्याएपछि प्रदेश सरकारले बस सञ्चालनको अनुमति दिने निर्णय गरेको र यातायात व्यवस्था कार्यालयका केही कर्मचारीकै कारण दर्ता प्रक्रियामा अनावश्यक अवरोध सिर्जना भएको लुम्बिनी विकास कोषको भनाइ छ । यातायात व्यवस्था कार्यालयले पत्राचार गरेको विषयमा यातायात विभाग काठमाडौंमा कुरा गर्दा प्रदेश सरकारले निर्णय गरेपछि यातायात कार्यालयले काम अघि बढाउन मिल्ने जवाफ आएको लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईको भनाइ छ ।

एसियाली विकास बैंक (एडिबी)को अनुदान सहयोगमा क्लिन इनर्जी प्रोजेक्टअन्तर्गत रु १३ करोडमा लुम्बिनी विकास कोषलाई विद्युतीय सवारी प्राप्त भएका हुन् । लुम्बिनीलाई प्रदूषणमुक्त बनाउन विसं २०७७ मंसिर ९ गते यी विद्युतीय बस र ट्याक्सी लुम्बिनी ल्याइएको थियो । सवारी साधन चार्जिङका लागि लुम्बिनीमा चार्जिङ स्टेसन समेत निर्माण भइसकेको छ ।

## नागरिकका कर्तव्य

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु
- हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## तानसेनलाई चलायमान बनाउन पर्यटन केन्द्रित बजेट ल्याउन पत्रकारहरुको सुझाव

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ ३०/तानसेनको भविष्य पर्यटनसँग जोडिएकोले पर्यटकीय पूर्वाधार निर्माणमा नीति, कार्यक्रम बनाई बजेट विनियोजन गर्न पाल्पाली पत्रकारहरुले सुझाव दिएका छन् । तानसेनमा प्रशस्त मात्रामा ऐतिहासिक, धार्मिक, पुरातात्विक, प्राकृतिक सम्पदाहरु रहेकोले ती सम्पदाहरुलाई पूर्वाधारको माध्यमबाट व्यवस्थित गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न तानसेन नगरपालिकाले एक सुत्रिय रुपमा पर्यटन क्षेत्रमा लगानी गर्न पत्रकारहरुले सुझाव दिए ।



पाल्पा दरवार अग्रेजी सेनालाई हराएका कर्णेल उजिरसिंह थापाद्वारा पुनर्निर्माण गरिएको भगवती मन्दिर, रिडी रुरु क्षेत्रको ऋषिकेशव मन्दिर, रानीमहल, श्रीनगर, कालीगण्डकी क्षेत्र लगायत प्रशस्त मात्रामा पर्यटकीय क्षेत्रहरुमा व्यस्थित गरेर काम गर्नुपर्नेमा पत्रकारहरुले सुझाव दिएका छन् । पत्रकारहरुले स-साना योजना नभई आमरुपमा धेरै जनताको चासो, सराकारवाल मुद्दाहरुमा प्राथमिकता दिनुपर्ने, हप्ता-हप्तामा आउने खानेपानीको धारालाई कम्तीमा दुई दिन बिराएर वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने, पुराना अपूरा आयोजना पूरा गर्नुपर्ने, सेनटरी ल्याण्डफिल साईटको मापदण्ड अनुसार पुन: ल्याण्डफिल साईट सञ्चालन गर्नुपर्ने नीति तथा कार्यक्रममा समावेश गर्न सुझाव दिएका छन् ।

आन्तरिक आम्दानी बढाउन श्रीनगर, रानीमहल जस्तै अन्य योजना तथा कार्यक्रमहरु पनि नगरपालिका स्वयम्ले सञ्चालन गर्नुपर्ने, घरभाडा, पसल तथा होटल कोठाहरुको मापदण्ड बनाएर दररेट निर्धारण गर्नुपर्ने, पाल्पाली ढाका करुवा पसल, व्यापारी तथा उद्योगीहरुलाई पर्यटन प्रवर्द्धनको विषयमा सचेतना जगाउनु पर्ने, हरेका एतिहासिक, धार्मिक तथा पुरातातित्वक महत्वका स्थानमा डिजिटल प्रविधिमा आधारीत परिचयको व्यवस्था गर्नुपर्ने, नगरका हरेका स्थानहरुमा विश्राम स्थलहरु निर्माण गुर्नपर्ने सुझाव पत्रकाहरुले दिए । कृषि तथा पशुमा फार्म भन्दा पनि उत्पादनमा आधारित प्रोत्साहन रकम दिनुपर्ने, कृषि पशुपालन, पर्यटन क्षेत्रमा, स्वरोजगारदेखि रोजगारहरुको संख्या बढाउनुपर्ने, तानसेनको पहिचान स्थापित हुने गरी नीति, कार्यक्रमहरु आउनुपर्ने सुझाव पत्रकारहरुले दिएका छन् । तानसेन नगरपालिकाले सोमबार आगामी वर्षको नीति तथा कार्यक्रमको लागि जिल्लाका पत्रकारहरुसंग सुझाव संकलन गरेको छ ।

चुनावको समयमा जे-जस्तो भएपनि विकास निर्माण तथा योजनामा राजनीति नगर्न, टुक्रे योजना तथा विभिन्न कसिमका तालिमहरु जस्ता कार्यक्रमहरु हटाई, जनताको प्रत्यक्ष आम्दानी हुने खालका कार्यक्रम संचालन गर्नुपर्नेमा पत्रकारहरुले जोड दिए । सुझाव संकलनको कार्यक्रम तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले पत्रकारहरुबाट आएका सुझावहरु नसीत तथा कार्यक्रममा समावेश गरिने बताए । पर्यटन, कृषि, पशुपालन, शिक्षा, स्वास्थ्यमा केन्द्रित गरेर बजेट नीति कार्यक्रम आउने नगर प्रमुख श्रेष्ठले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

# तानसेनका उद्योगी तथा व्यवसायीलाई कर सम्बन्धी तालिम

**पाल्पा,** जेठ ३०/तानसेनका उद्योगी तथा व्यवसायीहरुका लागि दुई दिने कर सम्बन्धी तालिम सञ्चालन गरिएको छ । उद्योगी व्यवसायीहरुलाई कर शिक्षा र कानुनी व्यवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले तानसेनमा मंगलबारदेखि तालिम सञ्चालन गरिएको हो ।

पाल्पा उद्योग वाणिज्य संघको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघको सहयोग र जर्मन सहयोग नियोग (जिआइजेड)को प्राविधिक सहयोगमा तालिम सञ्चालन भएको छ । तालिममा पाल्पा उद्योग वाणिज्य संघमा आवद्ध उद्योगी, व्यवसायीहरुको सहभागीता रहेको छ । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक लोकराज जोसीले नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै सबै व्यवसायीमा करका बारेमा सचेतना जगाउने र कानुनी प्रावधानका विषयमा जानकारी गराउने उद्देश्यले तालिम आयोजना गरिएको बताए । उनले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न पनि सहभागीहरुलाई आग्रह गरे । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले उद्योगी व्यवसायहरुलाई करका बारेमा भएका अन्यौलताहरु हटाउन र कर तिर्न प्रति उत्प्रेरित गर्न तालिमले महत्वपूर्ण टेवा पुग्नेमा विश्वास व्यक्त गरे । उनले राज्य सञ्चालनको मुख्य आधार कर भएकाले गर्वका साथ व्यवसाय सञ्चालन गर्न समेत उद्योगी व्यवसायीहरुलाई आग्रह गरे । अध्यक्ष भट्टराईले हाम्रो विकास हामीले तिरेको करमा निर्भर हुने भएकाले विकासका लागि कर अनिवार्य रहेको बताए । आन्तरिक राजश्व कार्यालय बुटवलका प्रमुख कर अधिकृत धुर्व पोखरेलले कर सामन्य विषय भएपनि ज्ञानको कमी, डर मान्ने जस्ता कुराले कर तिर्न नसकिरहेको अवस्थामा तालिमले सहजीकरण गर्नेमा महत्वपूर्ण भूमिका खेल्ने बताए । जिआइजेडका डेपुटी चिफ टेक्निकल एडभाइजर बरुण कोइरालाले तालिमा सिकेका कुराहरुलाई व्यवहारमा उतार्दै अन्य व्यक्तिहरुलाई समेत सिकाउन आग्रह गरे । कार्यक्रममा एफसिए अरुण रावत र सिए अनिल लामिछानेले कर सम्बन्धी प्रशिक्षण दिइरहेका छन् । उनीहरुले कर के हो ? करका प्रकार, कानुनी व्यवस्था, संस्था दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरु, बरका प्रक्रिया, कानुनी अड्चन लगायतका बारेमा जानकारी दिइरहेका छन् । तालिम बुधबारसम्म चल्ने छ । तालिम शुभारम्भको औपचारिक कार्यक्रम पाल्पा उद्योग वाणिज्य संघका महासचिव समीरमान सिंहले गरेका थिए ।




## खेलकुद समाचार

# सावित्राले युरोपियन क्लबमा खेल्ने

**काठमाडौं,** जेठ ३०/नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी गोलमेसिन सावित्रा भण्डारी साम्बाले युरोपेली क्लबबाट खेल्ने भएकी छन् । नेपाली टिमकी फरवार्ड सावित्रा इजरायलको क्लब हापोएल रानानाबाट त्यहाँको लिग खेल्नका लागि अनुबन्ध भएकी हुन् । क्लबले मंगलबार सामाजिक सञ्जालमार्फत सावित्रासँग सम्झौता भएको जनाएको छ । एसियाली भूमिमा पर्ने भए पनि इजरायल युरोपेली महादेशको फुटबल महासंघमा सदस्य छ । नेपाल मात्र नभएर दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी सावित्राले लामो समयदेखि युरोपमा खेल्ने सपना राखेकी थिइन् र त्यसका लागि उपयुक्त अवसरको खोजीमा थिइन् । अहिले आएर त्यो सपना पूरा हुने बाटोमा रहेको उनले अनलाइनखबरलाई बताइन् । 'यो मेरो लागि र नेपाली महिला फुटबलकै खुशीको कुरा हो । एकदमै राम्रो लागेको छ', सावित्राले भनिन्, 'पहिलेदेखिनै एउटा सपना थियो । अहिले त्यो सपनाको बाटोमा छु । पाइला चालिहरेको छु । सपना पूरा हुन बाँकी छ ।'

## अर्थ/कर्पोरेट/ समाचार

# नेप्से परिसूचक उच्च अंकले बढ्यो

**पाल्पा,** जेठ ३०/यो साता लगातार उकालो लागिरहेको शेयर बजारमा आज पनि उच्च अंकको वृद्धि देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३४ दशमलव १७ अंकले बढेर दुई हजार २० दशमलव ६४ अंकमा कायम भएको हो ।



मंगलबार कारोबार रकम पनि बढेको छ । विभिन्न दुई सय ७० कम्पनीका एक करोड आठ लाख एक हजार छ सय ९३ कित्ता शेयर रू चार अर्ब १२ करोड ६६ लाख ९५ हजार नौ सय ४३ कारोबार भएका छन् । कारोबारमा २२ वटा कम्पनीको मूल्य मात्रै घटेको छ भने अरु सबै कम्पनीको बढेको छ । नेप्सेका सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै जीवन बीमा समूह दुई सय ७६ दशमलव ६० र निर्जीवन बीमा समूह दुई सय २४ दशमलव ९० अंकमा कायम भएको छ । बैंकिङ समूह सात दशमलव ३६, विकास बैंक ५८ दशमलव १४, वित्त ३६ दशमलव ९२, होटल तथा पर्यटन एक सय तीन दशमलव ७६, जलविद्युत ४८ दशमलव ५७ र लगानी समूह एक दशमलव ३६ अंकले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन दुई सय २१ दशमलव ५७, लघुवित्त ९६ दशमलव ७०, म्युचुअल फन्ड शून्य दशमलव १६, व्यापार ६१ दशमलव ५० र अन्य समूह १५ दशमलव ५३ अंकले बढेको छ । मंगलबार विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने प्रभु स्मार्ट फन्डको शेयर मूल्यमा प्रतिकित्ता तीन दशमलव ९३ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २७ करोड ६६ लाख ८७ हजार दुई सय ५० बराबरको पाँच लाख ५७ हजार तीन सय ८८ कित्ता शेयर किनबेच भएको छ ।

# रामपुरका महिलालाई बाख्रा उपहार

**पाल्पा,** जेठ ३०/रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत महिलाहरुलाई बाखा उपहार प्रदान गरिएको छ । रामपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग, पछौटेपन उन्मूलन समाज बेस नेपालको सहजीकरणमा सञ्चालनमा रहेको परियोजना मार्फत बाखा उपहार प्रदान गरिएको हो ।

जीविकोपार्जनमा सहजता ल्याउन रामपुर नगरपालिका वडा ३, ६, ७, ८, ९ र १० का ९ वटा महिला समूहलाई एक कार्यक्रमका विच ६० वटा बाखा उपहार प्रदान गरिएको हो । रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापा, उपप्रमुख बालकुमारी थापा, प्रमुख प्रशासकिय अधिकृत लेखनाथ न्यौपाने सहित वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुले बाखा उपहार हस्तान्तरण गर्नु भएको थियो । बाखा उपहार प्रदान गर्दै रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले महिलहरुलाई आत्मनिर्भर तथा स्वावलम्बी बनाउन बाखा उपहार प्रदान गरिएको बताए । उनले प्राप्त बाखाको उचित हेरचाह गर्दै व्यवसायिक बन्न आग्रह गरे ।



नगरपालिकामा बाखापालनको राम्रो सम्भावना रहेकाले विगतमा बाहिरबाट बाखा आयात गरी वितरण गरिएपनि यस पटक नगर भित्रका कृषकहरुबाट खरिद गरी विक्री गरिएको प्रमुख थापाले बताए । रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संयोजक सञ्जु परियारले माग र आवश्यकताको आधारमा बाखा वितरण गरिएको जानकारी दिइन् । जस अनुसार वडा ३ को अकलादेवी स्वावलम्बन महिला समूहलाई १९ वटा, वडा ६ को कालिका स्वावलम्बन महिला समूहलाई ५ वटा, नवदुर्गा स्वावलम्बन महिला समूहलाई ३ वटा, वडा ७ को मौलाकालिका स्वावलम्बन महिला समूहलाई ८ वटा, मिलिजुली स्वावलम्बन महिला समूहलाई ३ वटा, शित्तल नगर स्वावलम्बन महिला समुहलाई ५ वटा, वडा ८ को दिदीबहिनी स्वावलम्बन महिला समुहलाई ५ वटा, वडा ९ को सशक्तिकरण स्वावलम्बन महिला समूहलाई ४ वटा र वडा १० को मिलनसार स्वावलम्बन महिला समूहलाई ९ वटा बाखा प्रदान गरिएको थियो । रामपुर नगरपालिका प्रमुख रमणबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संयोजक सन्जु परियारले गरेकी थिइन् ।

# तानसेनलाई चलायमान बनाउन...

...म अहिले घरपरिवार सबै बिर्सेर आगामी ४ वर्ष भित्र आहा तानसेन बनाउने अभियानामा लागेको नगर प्रमुख श्रेष्ठले पत्रकार सामु उद्घोष गरे । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, उपाध्यक्ष भरत शर्मा, प्रेश युनियनका केन्द्रिय उपाध्यक्ष माधव अर्याल, पत्रकार महासंघका पूर्व अध्यक्ष भगवान भण्डारी, प्रेस चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्की, प्रेस चौतारी केन्द्रिय अनुशासन आयोगका सदस्य किरण कौशल, प्रेस सेन्टर पाल्पाका कार्यवाहक अध्यक्ष नवराज ज्ञवाली, स्वतन्त्र पत्रकार संघका जिल्ला अध्यक्ष भोजराज भट्टराई, पत्रकार कृष्ण पोखरेल, अनिल लिगल, भुवन रायमाझी लगायतले टुक्रे योजना भन्दा तानसेनको पर्यटनको लागि बजेट केन्द्रित गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले पूँजीगत खर्चको लागि ३७ करोड ७२ लाखको बजेट सिलिङ रहेको आन्तरिक आम्दानी ८ करोड ५० लाखको लक्ष्य राखिएको जानकारी दिए । नगर प्रमुख सन्तोषलाल श्रेष्ठको सभापतित्वमा भएको सुझाव संकलन कार्यक्रम उपप्रमुख प्रतिक्षा गाहा सिंजालीको स्वागत र प्रेस सल्लाहकार मुक्ति न्यौपानेको सञ्चालनमा भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## Kaligandaki Hospital
### Mirmee, Syangja

## Invitation for Catalogue Shopping of USG Machine

***Date of publication: 14th June 2023, ( 31th Jestha, 2080)***

Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja intends to procure USG machine as listed on the table below, under the Catalogue Shopping procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 7(Seven) days of first publication date during office hour at Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja. The manufacturers or authorized dealer must submit Copy of Firm registration certificate, copy of business registration certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance certificate for the FY 2078/79 and the letter of authorization along with the application. The detailed specification can be collected from hospital.

| Goods Type | Maximum Price | Quantity | Remark |
|---|---|---|---|
| USG Machine | 19,99,000.00 | 1 unit | Specification not included in this notice shall be as per approved Technical Specificationavailable in Hospital |

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम प्रकाशित मिति २०८०/०२/३१**

लुम्बिनी प्रदेश, गुल्मी जिल्ला कालिगण्डकी गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कालिगण्डकी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>पूर्तिघाट, गुल्मी<br>लुम्बिनी प्रदेश |
| **प्रस्तावको व्यहोरा** | लुम्बिनी प्रदेश गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिकाको प्रस्तावित बाँदे खोला (कनौटा खोला), पातिखोला, सरस्वती डाँडा क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले नदीजन्य पदार्थ (ढुंगा, बालुवा तथा ग्रावेल) उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वार्ड** | गुल्मी जिल्ला,कलिगण्डकी गाउँपालिका वडा नं.३ र ४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्र्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालि बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कालिगण्डकी गाउँपालिका वडानं ३ र ४को कार्यालय तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ती वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिगण्डकी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, पूर्तिघाट, गुल्मी<br>ईमेल: gulmikaligandaki@gmail.com, info@kaligandakimungulmi.gov.np<br>baburampalli2028@gmail.com<br>फोन: +९७७-९८५७०६७९२५ |
| परामर्शदाताको नाम र ठेगाना | कान्जिरोवा इन्जिनीरिङ्ग सोलुसन्स प्रा.लि.<br>बनस्थली, काठमाण्डौ<br>फोन नं: ९८४७६०९९६८<br>Email: kanjirowaengg@gmail.com |

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई